# सर्वोच्च अदालत

## काठमाडौं

### प्रेस विज्ञप्ति

**सम्माननीय प्रधानन्यायाधीशद्वारा वरिष्ठ अधिवक्ताहरुसँग सामूहिक अन्तरक्रिया**

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीज्यूले आज सर्वोच्च अदालतमा आयोजित विशेष कार्यक्रममा केही वरिष्ठ अधिवक्ताहरुसँग सामूहिक अन्तरक्रिया गर्नुभएको छ । न्यायप्रशासन तथा अदालत एवम् मुद्दा व्यवस्थापनसम्बन्धी विविध विषयमा छलफल गरी सुझाव लिने उद्देश्यले आयोजित छलफल कार्यक्रममा आमन्त्रित वरिष्ठ अधिवक्ताहरुले मुद्दाको टिपोट गर्ने, समूहगत सुनुवाई प्रणाली लागू गर्ने, अतिरिक्त समयमा इजलास सञ्चालन गर्ने तथा मिसिल व्यवस्थापन र सुनुवाई पद्धतिमा अपनाउनुपर्ने सुधारका विविध अभ्यासका बारेमा सर्वोच्च अदालतले गर्नसक्ने नीतिगत तथा कानूनी व्यवस्थाका सम्बन्धमा सुझाव दिनुभएको थियो । वरिष्ठ अधिवक्ताहरुको सुझाव ग्रहण गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री पराजुलीज्यूले कानून व्यवसायीहरु विद्यमान अभ्यासमा सर्वोच्च अदालतले सुधारको कार्यक्रम थालनी गरेमा त्यसको स्वामित्व ग्रहण गर्न तयार हुनु सकारात्मक रहेको बताउँदै भविष्यमा आपसी छलफल र समझदारीका आधारमा पुनः छलफल गर्ने र विद्यमान प्रणालीमा आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुधार गरिने जानकारी दिनुभयो ।

अन्तरक्रिया कार्यक्रममा सर्वोच्च अदालतको स्थायी समितिका सदस्य माननीय वरिष्ठतम् न्यायाधीश श्री दीपकराज जोशी, माननीय न्यायाधीशहरु श्री ओमप्रकाश मिश्र, श्री चोलेन्द्र शमशेर जबरा, श्री दीपककुमार कार्कीका साथै सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी, न्याय परिषद्का सचिव श्री राजन भट्टराईलगायत सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा उपरजिस्ट्रारहरु सम्मिलित हुनुहुन्थ्यो ।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता/सहरजिष्ट्रार

२०७४ साल कार्तिक २७ गते, सोमबार
सर्वोच्च अदालत, काठमाण्डौ ।